# कानेपोखरी गाउँपालिका

# आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम

**यस गरिमामय गाउँसभाका उपाध्यक्षज्यू,**

**गाउँसभाका माननिय सदस्यज्यूहरु,**

**गाउँ सभाका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृतज्यू,**

**उपस्थित महानुभावहरु तथा उपस्थित सम्पूर्ण कर्मचारीहरु।**

संघीय शासन प्रणालिको माध्यमबाट न्यायपूर्ण, समतामुलक र समृद्ध समाज निर्माण गर्ने उद्देश्यका साथ जनमुखी शासन प्रकिया मार्फत कानेपोखरी गाउँपालिकाको सर्वाङ्गीण विकासको अभियानमा केन्द्रित रहेर आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभाको बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ।

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न तथा नागरिकलाई सार्वभौम अधिकार सम्पन्न बनाउने महान अभियानमा सहादत प्राप्त गर्नुहुने ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

नेपालको संविधान, १६औं आवधिक योजनाले लिएका लक्ष्य, गाउँपालिकाको वस्तुगत आवश्यकता र पालिकाबासीको चाहना र अपेक्षा विभिन्न राजनीतिक दल, संघ संस्था नागरिक समाज, सचेतक युवा लगाएतबाट प्राप्त सुझावलाई मध्य नजर गर्दै गाउँपालिकाले आर्थिक वर्ष २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ। प्रस्तुत नीति तथा कार्यक्रम आम नागरिकको विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने दिशा तर्फ केन्द्रित रहेको छ। कानेपोखरी गाउँपालिकाको पूर्वाधार विकास, शैक्षिक गुणस्तरमा सुधार, कृषिमा यान्त्रिकरण गरी रुपान्तरणकारी मानवीय पूँजी निर्माण तयार गर्ने, सार्वजनिक सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि गर्दै सुशासन तथा समतामूलक समाज स्थापनाको लागि समाजिक एवम् आर्थिक क्षेत्रमा थप लगानी विस्तार गरी सन्तुलित विकासको माध्यमद्वारा उत्पादनशील अर्थतन्त्रको निर्माणलाई प्रस्तुत नीति तथा कार्यक्रमले उच्च प्राथमिकतामा राखेको छ।तसर्थ आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम पालिकावासी नागरिक तथा सबै पेशा, व्यवसायमा आवद्ध महानुभावहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा विश्वस्त रहेको छु ।

**अब म आ.व. २०८१/०८२ को कानेपोखरी गाउँपालिकाको प्रगति समीक्षा प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

- गाउँपालिकाबाट आर्थिक वर्ष २०८१/०८२ मा पालिकास्तरीय योजना,वडा स्तरीय योजना तथा कार्यक्रमहरु कार्यान्वयन भएको कार्य प्रकृतिको विश्लेषण गर्दा वितरणमुखी योजना पद्धतिमा सुधारको आवश्यकता रहेको छ।पालिकाका कार्यक्रम तथा योजनाहरुलाई स्थानीय गौरवका आयोजना, रणनीतिक योजना, उत्पादनमुखी योजना तथा पहुँचमुखी योजनाको रुपमा विभाजन गरी बहुवर्षीय रुपमा कार्यान्वयन गरिएको छ।यसको सुरुवातको रुपमा चालू आ.व. २०८१/०८२ मा गाउँपालिकाको मुख्य बजार क्षेत्र रहेको **रमाईलो दोमाना** सडक क्षेत्रको ३.५ किलोमिटर सडक कालोपत्रे योजना, वडा नं.१ देखी वडा नं.७ सम्म १५ किलोमिटर कालोपत्रे सडक तथा ड्रेन निर्माण,वडा नं ४ स्थित बयरवन अस्पताल परिसरमा १५ शैयाको अस्पताल निर्माणाधीन रहेकोमा ५०% कार्य सम्पन्न भएको, कानेपोखरी गाउँपालिकाको प्रमुख प्रशासकीय भवन निर्माणको ठेक्का आह्वान भईसकेको लगायत अन्य विभिन्न पालिका स्तरीय गौरवका योजनाहरु सञ्चालनमा रहेका छन्।
- नेपालको संविधानमा व्यवस्था भएको आवासको हकलाई कार्यान्वयन गर्न प्रदेश सरकार, नीजि क्षेत्र (ह्याबिटयाट नेपाल र सहारा नेपाल) सँगको सहकार्यमा नागरिक आवास निर्माण कार्यक्रमबाट वडा नं. २ प्रधानटोलमा ३४ वटा घर,प्रधानटोलमा ३४ घर परिवारका लागी बालविकास केन्द्र स्थापना, वडा नं.१ झर्नाघुटुमा ११ वटा घर, वडा नं. ३ राजगञ्ज चनामनी बस्तीमा ३० वटा घर वडा नं. ४ क्याम्पाघाट १७ वटा घर वडा नं.३ कोलटोल छाताचोकमा ३० वटा घर गरी कूल १२२ घर निर्माण सम्पन्न गरी विपन्न तथा ऋषिदेव परिवारका लागि आवासको व्यवस्था गरिएको छ भने आगामी आ.व. मा समेत कानेपोखरी गाउँपालिकाका विपन्न सीमान्तकृत समुदायका नागरिकहरुका लागि आवास/ घर निर्माण कार्यलाई विशेष प्राथमिकतामा राखेर आवास निर्माण कार्य गरिनेछ ।
- गाउँपालिकाको शिक्षा क्षेत्रमा गौरवको आयोजनाको रुपमा रहेको कानेपोखरी-६ स्थित श्री जनसेवा माध्यमिक विद्यालयको तीनतले भवन निर्माण सम्पन्न, शिक्षा विकास मा.वि.को १ तले भवन निर्माण सम्पन्न भई दास्रो तला निर्माणाधीन रहेको छ ।
- गाउँपालिकाको राजश्व सुधार कार्ययोजना र आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरिएकाले गाउँपालिकाको राजश्वका दर र दायरालाई समयानुकूल बनाइएको तथा आन्तरिक नियन्त्रण प्रणाली मार्फत संस्थागत विकासमा टेवा पुगेको।
- गाउँपालिका क्षेत्रभित्रका विद्यालयमा रिक्त रहेका शिक्षकको पदपूर्ति गाउँपालिकाले आफ्नै खर्चमा गाउँपालिकामा नै सञ्चालन गर्दै आएको, गाउँपालिका क्षेत्रभित्रका कक्षा ११ र १२ सम्मको अध्ययन गर्ने विद्यार्थीको मासिक शुल्क वापत रु. ४००/- र भर्ना शुल्क वापत रु. १०००/- व्यहोर्दै आएको, स्थानीय पाठ्यक्रम निर्माण गरी सो का आधारमा पठनपाठन हुँदै आएको, रमाइलो बहुमुखी क्याम्पसमा अध्ययनरत बुहारीलाई नि:शुल्क अध्ययनको व्यवस्था मिलाइएको छ।

- भूमिहीन दलित र सुकुम्बासीलाई नि:शुल्क जग्गा वितरण गर्न तथा अव्यवस्थित बसोवासीको व्यवस्थापन गर्दै जग्गा नापजाँचको कार्यलाई तीव्रता दिनुका साथै नापजाँच कार्यलाई थप वडामा समेत सञ्चालन गरिएको छ।
- रोजगारी तथा सीप विकासका लागि रोजगार सेवा केन्द्र, लघु उद्यम विकास कार्यक्रम (मेड्पा), महिला तथा बालबालिका शाखा तथा ७ वटै वडाले सीप विकासका कार्यक्रम सञ्चालन गरी व्यक्तिमा निहित सीप, ज्ञान र क्षमताको उजागर गर्दै स्थानीय आर्थिक समुन्नति र आर्जन बढ्ने तालिम तथा सीप विकासमा लगानी गरेको छ ।
- नेपाल सरकारले तोकेको मापदण्ड पूरा भएकाले गाउँपालिकालाई पूर्णखोप सुनिश्चितता तथा दीगोपन घोषणा गरिएको।
- गाउँपालिका क्षेत्रमा सिँचाइको प्रभावकारी व्यवस्थापनका लागि कुलोपैनी निर्माण कार्यलाई प्रधानमन्त्री रोजगार कार्यक्रमसँग आवद्ध गरी प्रभावकारी रुपमा सञ्चालन गरिएको।
- कला, संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्न गाउँपालिका क्षेत्रभित्र मठमन्दिर निर्माण तथा निर्माण सम्पन्न भएका मठमन्दिरको पुनर्निर्माण, रंगरोगन तथा विभिन्न जातजातिका चाडपर्वका अवसरमा आयोजित कार्यक्रमका लागि आवश्यक सहयोग उपलब्ध गराइएको।
- पालिकास्तरीय तथा अन्तरपालिका स्तरीय पालिकामा सञ्चालित खेलकुद कार्यक्रमका लागि खेलकुद सामाग्री तथा आवश्यक सहयोग रकम उपलब्ध गराइएको।
- **गाउँपालिकाबाट आ.व. २०८१/०८२ मा वैदेशिक रोजगारीमा जान चाहेका तथा छुट्टीमा आएका जम्मा २३९ जना लाभग्राहीको अन्तिम श्रम स्वीकृति प्रदान गरिएको, वैदेशिक रोजगारीको सिलसिलामा मृत्यु भएका २ जना मृतक मध्ये १ जनालाई रु ७लाख क्षतिपूर्ती प्रदान गराईएको छ भने अर्को १ जनालाई क्षतिपूर्ति दिलाउने प्रक्रियामा रहेको छ। अङ्गभङ्ग भएका ४ जना मध्ये जसमा ७ लाख किड्नी रोगीलाई क्षतिपूर्ती र ब्रेन ट्युमर बिरामीका लागि रु ४ लाख ९ हजार गरी जम्मा ६ जना नागरिकलाई वैदेशिक रोजगार बोर्डको सचिवालयबाट दिने आर्थिक सहायता उपलब्ध गराउन पहल गरिएको।**
- गाउँपालिकाले स्वास्थ्य केन्द्र स्थापना गरी सेवाको विस्तार वडा तहसम्म गरेको छ । घातक, दीर्घ, सरुवा आदि रोगको पहिचान, उपचार र विस्तारका लागि स्वास्थ्य सेवालाई नागरिककै घरदैलोमा विस्तार गर्ने अभिप्रायले वडागत रुपमा निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको छ । सेवालाई जनताकै मन, मस्तिष्क र हातले छुने, देख्ने र अनुभूत गर्ने गरी स्वास्थ्य सेवालाई घुम्ती तथा घरदैलो (Door to Door) माध्यमबाट गुणस्तर र पहुँच विस्तार गर्नु जरुरी छ । यस विषयलाई मध्यनजर गरी गाउँपालिकाले चालू आ.व. मा बयरवन अस्पतालबाट प्रदान गरिने सेवामा विस्तार गर्दै X ray मेसिन खरिद तथा दक्ष जनशक्तिको व्यवस्थापन गरी २ जना चिकित्सक र आवश्यक संख्यामा स्वास्थ्यकर्मीको व्यवस्था गरी सेवा सञ्चालन गरिरहेका छौं।

- खानेपानीमा नागरिकको पहुँच अभिवृद्धि गर्न वडागत रुपमा खानेपानीको पाइप विस्तार, सदस्यता विस्तारमा आर्थिक सहयोग, खानेपानीको धारा जडान, ट्युवेल जडान र गडान कार्य गरिएको छ ।
- विपन्न परिवारका लागि नि:शुल्क शौचालय निर्माण तथा विद्युत मिटर सिफारिस नि:शुल्क रुपमा गरिएको छ ।
- नागरिकको स्वास्थ्य उपचारका लागि प्रदान गरिने आर्थिक सहायताका लागि वार्षिक रुपमा करिब रु ३० लाख रुपैया आर्थिक सहायता प्रदान गरिएको छ।
- मृत्युवरण गरेका विपन्न नागरिकको मृत्यु संस्कार कर्म गर्नका लागि प्रति विपन्न परिवार रु. १०,०००/- हजारका दरले मृत्यु संस्कार खर्च उपलब्ध गराएको।

## अब म कानेपोखरी गाउँपालिकाको आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

प्रस्तुत नीति तथा कार्यक्रमका उद्देश्य तथा प्राथमिकताहरु निम्न बमोजिम रहेका छन्।

१) उत्पादनशील, दिगो, योजनावद्ध र पर्यावरणमैत्री पूर्वाधार विकास

२) सामाजिक न्याय, समावेशी तथा समतामूलक समाज निर्माणको लागी शिक्षा, स्वास्थ्यमा लगानी

३) स्थानीय कृषि उत्पादन, व्यवस्थापन तथा बजारीकरणमा जोड

४) सहज तथा जनमूखी सेवा प्रवाह मार्फत सुशासन अभिवृद्धि

५) प्रविधिमैत्री सूचना तथा ज्ञानमा आधारित व्यवस्थापन

### कृषि विकासः-

१. **कृषिमा यान्त्रिकरण तथा आधुनिकीकरण कार्यक्रम मार्फत् कानेपोखरीका कृषकहरुलाई ५० प्रतिशत अनुदानमा कृषि औजार कानेपोखरीका कृषकलाई उपलब्ध गराउँदै** कृषि योग्य भूमिको पूर्ण उपयोग गरी सघन खेती प्रणालीका माध्ययमबाट उत्पादनमा बढोत्तरी गर्ने नीति कार्यान्वयनमा ल्याइनेछ ।

२. माटोको उर्वराशक्ति समेत अभिवृद्धि गर्दै दुग्धजन्य एवम् मासुजन्य पदार्थ उत्पादनमा कृषकहरुलाई थप अभिप्रेरित गर्न खसी/बाख्रा, सुँगुर पालनमा सहयोग पुग्ने गरी विशेष अनुदानबाट प्राप्त हुने **कार्यक्रम**बाट **उपयुक्त अनुदान तथा कार्यक्रम** उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

३. निर्वाहमुखी कृषि पेशालाई व्यवसायिक र मर्यादित बनाई कृषकलाई उद्यमशीलता तर्फ अभिप्रेरित गर्न देहाय बमोजिमको क्रियाकलापहरु संचालनमा ल्याइनेछ।

क) कृषकहरुको मागमा आधारित मौसमी बेमौसमी विउ/विजन/बेर्ना र कृषि औजार उपकरण साझेदारी कार्यक्रमलाई सामुहिकतामा आवद्ध गरी वितरण गर्ने व्यवस्था मिलाइने छ।

ख) गाउँपालिका भित्रका खेतीयोग्य जमिनमा वर्षै भरि सिंचाईको उपलब्धता सूनिश्चितता गर्न मोटरसहितको स्यालो ट्यूववेल जडान र गडान कार्यमा कृषकलाई अनुदान दिने कार्यलाई थप व्यवस्थित गर्दै लगिनेछ।

ग) गाउँपालिका क्षेत्रभित्र सामूहिक तथा चक्लाबन्दी खेती प्रणाली मार्फत उत्पादनमा वृद्धि गर्नुका साथै विपन्न घर परिवारको आर्थिक स्थितिमा सकरात्मक परिवर्तन गरी जीवनस्तरमा सुधार ल्याउन उपयुक्त स्थानमा सब्जी खेतीको लागी जग्गा व्यवस्थापन विउ/विजन उपकरण आदीमा आवश्यक सहयोग उपलब्ध गराइनेछ र त्यस्ता समुहहरुलाई गाउँपालिकाबाट निरन्तर प्राविधिक सेवा र सहयोग उपलब्ध हुने व्यवस्था मिलाइने छ।

घ) कृषि क्षेत्रमा प्रयोग हुने ठूला ठूला यन्त्र उपकरण सहकारी तथा समूह मार्फत खरिद गर्न प्रोत्साहन गरी कृषिमा यान्त्रीकरणमा जोड दिईनेछ।

ङ) गाउँपालिका क्षेत्रभित्रका कृषकहरुलाई प्राङ्गारिक मल उत्पादनमा तथा जौविक मलमा अनुदान दिई रसायनिक मलको प्रयोगलाई निरुत्साहित र अर्गानिक उत्पादनलाई प्रोत्साहित गरिनेछ।

च) स्थानीय माटो सुहाउँदो व्यावसायिक कृषि प्रणालीलाई प्रवर्द्धन गर्नको लागी माटो परिक्षण कार्यलाई थप व्यवस्थित गर्न जनसेवा माध्यमिक विद्यालयमा ल्याब परिक्षण कार्य सञ्चालन गरिनेछ।

४. कृषकको आय अभिवृद्धी गर्ने सोचको साथ विगतदेखि गाउँपालिका क्षेत्रभित्र रहेको तोरी पकेट क्षेत्रहरुलाई थप व्यवस्थित गरी निरन्तरता दिइनेछ। तोरीखेती गर्ने कृषकहरुलाई मल,विउ,औजार/उपकरण लगायतमा अनुदान दिने व्यवस्था मिलाईनेछ। धान र मकै बालीको पकेट क्षेत्रलाई समेत व्यवस्थित गर्न विशेष अनुदान उपलब्ध गराइने छ।

५. कृषिमा आधारित परम्परागत सीप र कलालाई व्यवसायिक उत्पादनमा जोड्न स्थानीय उत्पादनलाई लघुउद्यमको रुपमा विकास र विस्तार गर्न सहकारी सँस्थासँग सहकार्यलाई निरन्तरता दिईनेछ भने तोरीको प्रशोधन तथा ब्राण्डिङ कार्य गरिनेछ।

६. गाउँपालिका क्षेत्रभित्रका कृषि योग्य जमिनमा सिंचाई सुविधा उपलब्ध गराउनका लागि विगत देखि सञ्चालित कुलो, पैनी र नहरको उचित मर्मत सम्भार गरी भरपर्दो सिंचाईको लागी आवश्यक रकम विनियोजन गरिनेछ। धेरै लागत लाग्ने तथा विशेष प्रविधि आवश्यक पर्ने क्षेत्रको पहिचान गरी नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गरी आयोजना माग गर्ने व्यवस्था मिलाइनेछ।

७. कृषकहरुले उत्पादन गरेका कृषि उपजहरुको सङ्कलन तथा व्यवस्थापन गर्न बजार विकासको लागी कृषि सेडहरुको निर्माण गरी संचालनमा ल्याईनेछ।

## पशुपंक्षी विकास सम्बन्धीः-

८. निर्वाहमुखी कृषि पेशामा आश्रित गाउँपालिका क्षेत्रभित्रका कृषकहरुलाई व्यवसायिक कृषि उद्यममा आकर्षित गर्न **टोल/टोलमैं कृषि सेवा** नामक कार्यक्रम सञ्चालनमा ल्याइनेछ। यसका लागि श्री जनसेवा माध्यमिक विद्यालय, रमाईलोमा कृषि विषय अध्यापन गराउने विषयविज्ञहरुलाई समेत थप प्रोत्साहन दिई विद्यालय समय बाहेकको समयमा वडा/वडामा गई कृषकमैत्री तालिम कार्यक्रम सञ्चालनमा परिचालन गर्ने व्यवस्था मिलाइनेछ।

९. व्यवसायीक पशु पालनमा कृषकलाई अभिप्रेरित गरी आय आर्जनमा सुधार गर्ने उद्धेश्य अनुरुप कृषकहरुलाई गोठ/खोर सुधार कार्यमा अनुदान दिने व्यवस्था मिलाइनेछ।

१०. किसानले उत्पादन गरेको दुग्धजन्य पदार्थको उचित बजारीकरणको व्यवस्था गरिनेछ।

११. कृषि पेशाबाट कृषकहरुलाई बढीभन्दा बढी लाभान्वित गराउने उद्येश्यले निःशुल्क कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिई व्यवस्थित गरिनेछ।

१२. गाउँपालिका भित्रका पशुपंक्षी पालक कृषकहरुलाई प्राविधिक सेवा उपलब्ध गराउन **"टोल टोलमै पशुपंक्षी सेवा"** नामक कार्यक्रमलाई थप व्यवस्थित गरि निरन्तरता दिईनेछ। त्यस्ता प्राविधिक जनशक्तिलाई सेवा गराए वापत प्रोत्साहनको व्यवस्था गरिनेछ।

१३. गाउँपालिका क्षेत्रभित्रबाटै दक्ष कृषि प्राविधिक जनशक्ति उत्पादन गर्न कृषि क्याम्पस स्थापना तथा पशु प्राविधिक अस्पताल निर्माणका लागि नेपाल सरकार र प्रदेश सरकारसँग आवश्यक समन्वय गरी साझेदारी गर्न पहल गरिनेछ।

## शिक्षा सम्बन्धी

१४. **"शैक्षिक क्षेत्रमा पहुँचको विस्तार :कानेपोखरीवासीको अधिकार"** भन्ने नाराका साथ पालिकाको शिक्षा प्रणालीको सुधार गर्दै अब्बल व्यवस्थापकीय कौशलता, शिक्षक क्षमताको विकास, सामुदायिक एवं संस्थागत विद्यालय बीचको भिन्नताको न्युनीकरण, असल अभ्यासहरुको आदान प्रदान, नमुना विद्यालय नीतिलाई निरन्तरता दिईनेछ ।

१५. गाउँपालिका क्षेत्रभित्र सामुदायिक विद्यालयहरुमा आगामी शैक्षिक सत्रबाट अनिवार्य रुपमा अंग्रेजी माध्यमबाट पठनपाठनको व्यवस्था मिलाईनेछ ।सोका लागि शिक्षक क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ ।

१६. गाउँपालिका क्षेत्रभित्रका सञ्चालित सामुदायिक विद्यालयहरुको कक्षा १ देखी कक्षा ९ सम्म पालिका स्तरीय परीक्षा सञ्चालन गरिनेछ ।सोका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

१७. जनसेवा माध्यमिक विद्यालयमा यसै वर्षबाट +२ साईन्स कक्षा सञ्चालन गर्ने,त्यसका लागि ल्याब सञ्चालन तथा जनशक्ति व्यवस्थापनमा आवश्यक रकम विनियोजन गरिनेछ ।

१८. प्रधानाध्यापक पद र नेतृत्वको सशक्तीकरणमा जोड दिई सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई मासिक रु १०००/- प्र.अ. भत्ताको व्यवस्थालाई निरन्तरता दिई नेतृत्व विकासमा जोड दिइनेछ।

१९. गाउँपालिका भित्र रहेका जीर्ण अवस्थामा रहेका विद्यालयको भवन निर्माण कार्य गरिनेछ।

२०. कानेपोखरीवासी जनताका छोराछोरीहरुले सामुदायिक तथा संस्थागत विद्यालयबाट SEE उतीर्ण गरी प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुलाई उच्च मनोबल अभिवृद्धि गर्न **"प्राविधिक विधामा रोजगारी, कानेपोखरीका छोराछोरी"** नामक कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२१. गाउँपालिका क्षेत्रभित्रको आधारभूत तथा माध्यमिक शिक्षालाई क्रमशः निःशुल्क गर्न चालु आ.व.मा संचालित **"निःशुल्क माध्यमिक शिक्षा, पालिकाको ईच्छा"** नामक कार्यक्रमलाई थप व्यवस्थित गरी निरन्तरता दिईनेछ। कानेपोखरी गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा कक्षा ११ र १२ मा अध्ययन गर्ने सम्पूर्ण कानेपोखरी वासी विद्यार्थीहरुलाई निःशुल्क माध्यमिक तह अध्ययनको लागी निजहरु अध्ययन गर्ने विद्यालयलाई भर्ना शुल्क र मासिक शुल्क वापत अनुदान उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिईनेछ।

२२. आर्थिक तथा सामाजिक रुपले पछाडी परेका गाउँपालिका क्षेत्रभित्रका परिवारका बुहारीहरुलाई उच्च शिक्षामा पहुँच अभिवृद्धि गराउन **"सासुको ईच्छा, बुहारीलाई शिक्षा"** नामक कार्यक्रमलाई निरन्तरता दिइदै थप व्यवस्थित गरी रमाईलो क्याम्पसमा स्नातक पढने बुहारीहरुको शुल्क गाउँपालिकाले व्यहोर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ।

२३. गाउँपालिका- विद्यालयबीच **Invest for Brain Programme** सञ्चालनमा ल्याई प्रतिभाको खोजी (**Talent Hunt**) कार्यक्रम लागू गरिनेछ।

२४. प्रत्येक महिना आधारभूत तह र माध्यामिक विद्यालय तहको प्रधानाध्यापक बैठक पालिकामा बस्ने व्यवस्थालाई निरन्तरता दिईनेछ।आवश्यकता अनुसार वडामा पनि शैक्षिक सुधारका लागि बैठक बस्ने व्यवस्था मिलाईने छ।

२५. सरोकारवाला पक्षसँग निरन्तर अन्तर्क्रिया र छलफल गरी सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गर्न **"छात्रासँग अध्यक्ष"** कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिने छ।

२६. गाउँपालिका क्षेत्रभित्रका विपन्न, दलित, पिछडिएका जातजातिहरु बसोवास गर्दै आएका क्षेत्रहरुमा सामुदायिक बाल विकास केन्द्रको सुदृढीकरण गर्ने कार्यलाई अगाडि बढाइनेछ भने

गाउँपालिका अन्तर्गतका बाल विकास केन्द्रहरुको तथा पूर्वाधार विकासका लागि आवश्यक निर्माण कार्य तथा सामाग्री हस्तान्तरणको व्यवस्था गरिनेछ।

२७. विद्यार्थी संख्या तथा शिक्षक अनुपातका आधारमा विद्यालय तथा कक्षा मर्ज गर्ने नीतिलाई निरन्तरता दिईनेछ साथै आन्तरिक शिक्षक सरुवाको व्यवस्थालाई वस्तुनिष्ठ र बैज्ञानिक बनाई लागू गरिनेछ।

२८. गाउँपालिका क्षेत्रभित्रका सामुदायिक र संस्थागत विद्यालयको कक्षा ८ र कक्षा ५ को पालिकास्तरीय परीक्षा सञ्चालन गरिनेछ र सो परिक्षामा उत्कृष्ट नतिजा ल्याउन सफल एक/एक जना छात्र र छात्रालाई नगद पुरस्कार गर्ने व्यवस्था मिलाइनेछ।

२९. गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा बाल क्लब गठन गरी बालवालिकामा नेतृत्व विकासको क्षमता अभिवृद्धि गरिनेछ।

३०. खेलकुद र अतिरिक्त क्रियाकलापलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि पालिका स्तरीय खेलकूद प्रशिक्षक तथा कला प्रशिक्षक नियुक्त गरी विभिन्न खेलकूद तथा संस्कृति झल्कने गीत, नाच, कला, रहनसहन आदिको बारेमा Sports and Cultural Transformation Programe सञ्चालन गरिनेछ।

३१. गाउँपालिका क्षेत्रभित्रका बाल विकास केन्द्रमा कार्यरत बाल विकास सहजकर्ता,विद्यालय सहायक कर्मचारीहरुले खाईपाई आएको मासिक सेवा सुविधालाई यथावत राखी निरन्तरता दिईनेछ ।

३२. गाउँपालिका भित्रका स्वयम् सेवक शिक्षकहरुले खाईपाई आएको मासिक तलबमा मासिक रु २,०००।- का दरले वृद्धि गरी मासिक रु २२,०००।- कायम गरिएको छ तथा पोसाक भत्ता प्रति वर्ष रु १०,०००।-दिईनेछ ।

३३. गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरुमा CCTV camera र ई-हाजिरी जडान गरी सामुदायिक विद्यालयमा अनुगमन र निगरानीमा प्रविधिलाई जोडिनेछ।

३४. स्थानीय अभिभावक, विद्यालय व्यवस्थापन समिति, विद्यार्थी, शिक्षक लगायत सरोकारवाला सबैको साथ, सहयोग, समन्वय र सहकार्यमा मात्र सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गर्न सकिन्छ भन्ने अवधारणालाई मध्यनजर गरी सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धिका लागि **"बालवालिकालाई सामुदायिक विद्यालयमा पढाऔं"** कार्यक्रम लागू गरी अभिभावक साक्षरता र सचेतना कार्यक्रमलाई निरन्तरता दिईनेछ ।यो अभियानको कार्यान्वयनका लागि विषयविज्ञ मार्फत् सरोकारवाला लक्षित सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३५. गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा अध्यापन गराउने शिक्षकहरुमध्ये वर्षभरिमा शैक्षिक गुणस्तर अभिवृद्धिमा सबैभन्दा उत्कृष्ट विषयगत नतिजा हाँसिल गराउन सक्षम एक/एकजना शिक्षक (महिला र पुरुष) लाई **नगद रकम र सम्मान-पत्र**ले पुरस्कृत गर्ने व्यवस्थाको थालनी गरिनेछ।

३६. महिला शिक्षिका सुत्केरी भई सुत्केरी विदामा बस्दा पठनपाठनमा हुने समस्यालाई न्यूनीकरण गर्नका लागि महिला शिक्षिका बिदामा बसेको अवधिमा **महिला सुत्केरी सट्टा शिक्षक** नियुक्त कार्यक्रमलाई निरन्तरता दिईनेछ।

३७. रमाइलो बहुमुखी क्याम्पसमा अध्ययनरत स्नातक तहका विद्यार्थीको शिक्षण अनुभवको विकास गर्न तथा केही आर्थिक सहायता पुर्याउने उद्देश्यले त्यस्ता विद्यार्थीहरुलाई स्वयम् सेवक शिक्षकको रुपमा अवसर प्रदान गरी सामुदायिक विद्यालयमा परिचालन गरिनेछ।

## स्वास्थ्यः-

३८. आर्थिक अभाव भएका स्थानीयवासीको स्वास्थ्योपचारमा गाउँपालिकाले जिम्मेवारी बोध गर्दै, क्यान्सर लागेका, मुटुको रोगी, मृगौलाको विरामी, प्यारालाइसिस तथा अन्य रोगहरुको उपचार गराउने उद्देश्यले स्थापित **“नागरिक उपचार सहायता कोष”** कार्यक्रमलाई थप व्यवस्थित गरी निरन्तरता दिइनेछ। नागरिक उपचार सहायता कोषबाट उपचार लिन बयरवन अस्पतालले रेफर गरेको आधारमा वडा कार्यालयबाट सिफारिस भई आएकोलाई मात्र अनुदान दिने व्यवस्थालाई निरन्तरता दिईनेछ।

३९. गाउँपालिका क्षेत्रभित्रका युवा, बालबालिका र अभिभावकहरुलाई लक्षित गरी कानेपोखरीका आमाहरुको अगुवाईमा लागू **औषध दुव्यर्सन** रोकथाम तथा नियन्त्रण गर्नका **“लागू औषध दुव्यर्सन विरुद्ध आमाहरु” विषयक** कार्यक्रम अभियानको रुपमा कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४०. चिकित्सकको सिफारिसमा ६० वर्ष भन्दा माथिको ज्येष्ठ नागरिक, भिन्न क्षमता भएका व्यक्ति, एकल महिला, गर्भवती तथा सुत्केरी महिला र सहिद तथा वेपत्ता पारिएका परिवारका सन्ततिलाई कानेपोखरी अस्पतालबाट उपलब्ध हुने स्वास्थ्य सेवा, ल्याव र रेडियोलोजी सेवा निशुल्क गर्ने व्यवस्था मिलाईनेछ।

४१. महिला स्वास्थ्य स्वयम। सेविकालाई थप प्रोत्साहन गर्नका लागि त्यस्ता स्वयम् सेविकाहरुले खाईपाई आएको सेवा सुविधामा मासिक रुपमा रु.५००।— का दरले वृद्धि गरी मासिक रु.३०००।— यातायात खर्च उपलब्ध गराईनेछ।

४२. कानेपोखरी अस्पताल वयरवनमा प्रसुति हुन नसकी अन्यत्र अस्पतालमा रेफर गरिएका गर्भवती महिला, प्राकृतिक प्रकोपबाट घाइते भई अन्यत्र रेफर गरिएका स्थानीयवासी, ६८ वर्ष माथिका ज्येष्ठ नागरिक र अपाङ्गता परिचयपत्र प्राप्त गरेका व्यक्तिलाई एम्वुलेन्स सेवा निःशुल्क उपलब्ध गराउन पहल गरिनेछ।

४३. **“स्वास्थ्य आमा, स्वास्थ्य बच्चा”** अभियानलाई निरन्तरता दिइनेछ।जसको लागी निःशुल्क क्यालसियम चक्की, फोलिक एसिड वितरण गर्ने साथै कानेपोखरी अस्पताल, बयरवनमा आई

सुत्केरी हुने महिला र बच्चाको पोषणमा सहयोग पुऱ्याउन उद्देश्यले प्रति सुत्केरी पाँच हजार रुपैयाँको दरले सुत्केरी स्याहार भत्ता दिने व्यवस्थालाई निरन्तरता दिईनेछ।

४४. गाउँपालिका क्षेत्रभित्र रहेका अति विपन्न, दलित, सीमान्तकृत, लोपोन्मुख जातजाति र पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरुका लागि कानेपोखरी अस्पतालबाट प्रदान गरिने सम्पूर्ण स्वास्थ्य सेवाहरु नि:शुल्क रुपमा प्रदान गरिनेछ।

४५. पाठेघर सम्बन्धी(आङ्ग खस्ने) समस्या भएका महिलाहरुलाई लक्षित गरी **"अध्यक्ष महिला स्वास्थ्य कार्यक्रम"** सञ्चालन गरी नि:शुल्क शल्यक्रियाको व्यवस्था मिलाईनेछ।

४६. गाउँपालिकासँग साझेदारीमा स्वास्थ्य शिविर तथा विशेषज्ञ सेवा उपलब्ध गराउन चाहाने स्वास्थ्य संस्थाहरु मार्फत स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ।

## समावेशिता प्रवर्द्धन र सामाजिक सुरक्षाः-

४७. महिला, दलित, ज्येष्ठ नागरिक, भिन्न क्षमता भएका व्यक्ति, आदिवासी/जनजाती, मधेसी/मुस्लिम लगायत विभिन्न वर्ग तथा समुदायलाई लक्षित गरी उनीहरुको जीवनस्तरमा सुधार ल्याउन सीपमूलक तालिम तथा सचेतनामुलक कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ। विभिन्न जातजातीको रिती रिवाज, प्रथा/परम्परालाई जीवन्त राखी राख्न जातीय पहिचान झल्कने कार्यक्रमहरु आयोजना गरिने छ।

४८. **सामाजिक तथा आर्थिक रुपले पछि परेका गरिब घर परिवार पहिचान गरिएका परिवारका सदस्यहरुको मृत्यु भएमा आफ्नो प्रथा/परम्परा अनुसार मृत्यू संस्कार गर्न त्यस्ता परिवारलाई बढिमा १० हजार आर्थिक सहयोग उपलब्ध गराउने व्यवस्था मिलाईनेछ।**

४९. "ग" समूहका अपाङ्गता परिचयपत्र प्राप्त गरेका गाउँपालिका भित्रका अपाङ्गता भएका व्यक्ति तथा निजका परिवारलाई निशुल्क स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरिनेछ ।

५०. आवासको हकलाई कार्यान्वयन गर्न संघीय सरकार, प्रदेश सरकार र नीजि क्षेत्र (ह्याबिट्याट नेपाल र सहारा नेपाल) सँगको सहकार्यमा नागरिक आवास निर्माण विपन्न नागरिक तथा सीमान्तकृत समुदायलाई आवासको व्यवस्था गर्न जनता आवास कार्यक्रम, सुरक्षित नागरिकआवास कार्यक्रम, नागरिक आवास कार्यक्रमलाई निरन्तरता दिँदै नेपाल सरकार मार्फत सञ्चालनमा आएको सुरक्षित आवास कार्यक्रममा गाउँपालिकाको समेत साझेदारीमा उपयुक्त आवास निर्माण कार्यलाई थप व्यवस्थित गरी अभियानको रुपमा सञ्चालन गरिनेछ।

५१. गाउँपालिका क्षेत्रभित्र समग्र खेलक्षेत्रको विकास र विस्तारको लागि ५ नं. वडाको जहदामा रहेको खेलमैदानलाई पालिकास्तरीय मैदानको रुपमा स्तरोन्नति गरिनेछ। त्यसैगरी ७ नं. वडा को जनकल्याण माध्यमिक विद्यालयको खेलकुद मैदानलाई क्रिकेट मैदानको रुपमा विकास

गरिनेछ।यसका लागि संघीय सरकार, प्रदेश सरकार सँग साक्षेदारी तथा आवश्यक सहकार्य गरिनेछ ।

५२. स्वास्थ्यका लागी खेलकुद राष्ट्रका लागी खेलकुद  नारालाई सार्थकता तुल्याउन गाउँपालिका क्षेत्रभित्र खेलिने विभिन्न विधाको खेलकुदहरुलाई विकास गर्दै लाने ध्येयले राष्ट्र, प्रदेशिक,पालिका तथा वडास्तरीय खेलकूद प्रतियोगिता आयोजना गरिनेछ।खेलकूद उत्पादनमा जोड दिन स्थानीय स्तरमा ग्रासरुट योजना संचलान गर्ने व्यवस्था मिलाईनेछ। सो को लागि विभिन्न स्थानमा खेलकुद प्रशिक्षकको व्यवस्था गरि प्रशिक्षण गरिनेछ।

५३. राष्ट्रिय, प्रादेशिक, पालिकास्तरीय खेलकुद प्रतियोगिताहरु सञ्चालन तथा सहभागितालाई व्यवस्थित गरी प्रोत्साहन गरिनेछ। साथै खेलकुद सामग्रीहरु उपलब्ध गराई थप प्रोत्साहन गरिनेछ।

५४. प्रादेशिक, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा खेलकुदको माध्यमबाट पहिचान स्थापित गरेका गाउँपालिका क्षेत्र भित्रका विभिन्न विधाका खेलाडीहरुलाई सम्मान गरिनेछ।

५५. खुला व्यायामशाला, कबडहल जस्ता खेलकुद पुर्वाधारलाई क्रमश: विकास गर्दै लगिनेछ।

## खानेपानी र सरसफाईः-

५६. कानेपोखरी गाउँपालिकाको वार्ड नं.१ देखी वडा नं ७ सम्मका क्षेत्रहरुमा खानेपानीको पहुँच नपुगेको स्थानहरुको पहिचान गरी खानेपानी पाईप विस्तार तथा गडानको कार्य गरिनेछ जसका लागि नेपाल सरकार र प्रदेश सरकारसँग सहकार्य गरी आयोजना सञ्चालन गरिनेछ ।

५७. कुहिने र नकुहिने फोहोरको वर्गीकरण गरी व्यवस्थापन गर्ने तथा छिमेकी स्थानीय तहहरुसँगको साझेदारीमा गाउँपालिका क्षेत्रभित्रबाट उत्पत्ति भएका कुहिने/नकुहिने फोहोरको प्रशोधन गरी व्यवस्थापन गर्ने तथा फोहोरको दीर्घकालीन व्यवस्थापन गर्नका लागि रंगली नगरपालिकासँग सहकार्य गरी  डम्पिङ्ग साईटको व्यवस्था मिलाइनेछ।

५८. अत्यधिक मानवीय चाप हुने सार्वजनिक स्थलहरुको पहिचान गर्दै त्यस्ता स्थानमा सार्वजनिक शौंचालय निर्माण गर्दै जाने व्यवस्थालाई निरन्तरता दिइएको छ।

## संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्र

५९. न्यायिक समितिको क्षेत्रभित्रका मुद्दाहरुलाई मेलमिलापको माध्ययमबाटै समाधान गर्ने उद्देश्यले **"मिलाप गरौ, विलाप नगरौ"** भन्ने अभियानलाई निरन्तरता दिईनेछ। यसका लागी सवै वडामा स्थापना भएको मेलमिलाप केन्द्रलाई थप व्यवस्थित गर्दै लगिनेछ।

६०. गाउँपालिकाको आन्तरिक श्रोत तथा साझेदार संस्थासँगको साझेदारीमा आवधिक योजना, मध्यकालीन तथा दीर्घकालीन खर्च संरचना, GESI Policy, लैङ्गिक उत्तरदायी बजेट निर्माण

तथा दीगो विकासका लक्ष्यको स्थानीयकरण गर्न दस्तावेज निर्माण गरी गाउँपालिकाको संस्थागत विकास गर्दै लगिनेछ।

६१. आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा गाउँपालिकाबाट जारी भएका ऐन, कानून, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड आदिलाई गाउँपालिकाको वेभसाईटमा रहेको राजपत्र महलबाट समेत सार्वजनिक गर्ने व्यवस्था मिलाईनेछ।

६२. न्यायिक समितिमा एक जना कानुनी सल्लाहकारको व्यवस्था गरिनेछ।

६३. विगतका आर्थिक वर्षहरुमा महालेखपरीक्षकको कार्यालयबाट भएको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित बेरुजु फछ्यौंट गर्ने प्रकृया अघि बढाइनेछ। वित्तीय सुशासनको मुख्य सूचक शुन्य बेरुजु रहेको तथ्यलाई स्वीकार गर्दै सम्वद्ध पक्षलाई सुचित गरिने र तोकिएको समायवधीमा बेरुजु फछ्यौंट नगर्नेको विवरण सार्वजनिक गर्ने सम्मको व्यवस्था मिलाईनेछ।

६४. गाउँपालिका क्षेत्रभित्र सुकुम्बासी समस्या समाधानका लागि चालिएको कदमलाई छिटो भन्दा छिटो सम्पन्न गर्नका लागि जग्गा नापजाँच कार्यमा थप प्राविधिक जनशक्तिको व्यवस्था गर्दै त्यस्ता जनशक्तिलाई आधुनिक औजार/उपकरण सहित कार्यालय समय बाहेकको समय र सार्वजनिक विदाका दिनमा समेत परिचालित गरिनेछ।

६५. बेवारिसे सडक मानिसहरुलाई व्यवस्थापन गर्न मानव सेवा आश्राम विराटनगर र माया घर ईटहरीसँग साझेदारी गरी बेवारिसे मानवको उचित व्यवस्थापन गरिनेछ। साथै बेवारिसे लास तथा बेवारिसे चौपायको व्यवस्थापन गरिने छ

६६. लागू औषध दुर्व्यसन विरुद्ध अभियानमा स्थानीय सुधार केन्द्रसँग सहकार्य गरी कार्य गरिनेछ।

## पूर्वाधार विकास क्षेत्रः-

६७. कानेपोखरी गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्नका लागि प्रमुख प्रशासनकीय भवन निर्माण आयोजनालाई स्थानीय पूर्वाधार विकास कार्यालयसँग साझेदारी गर्ने गरी बहुवर्षीय आयोजनाको रुपमा संचालनमा ल्याईनेछ।

६८. **गाउँपालिका क्षेत्र भित्र "एक वडा एक पिंच तथा ड्रेन निर्माण"** कार्यक्रम सञ्चालन गरिनेछ। गाउँपालिका क्षेत्रभित्र यस आर्थिक वर्षमा १५ किलोमिटर सडकमा पिच/ड्रेन निर्माण गरी सडकलाई स्तारोन्नती गरिनेछ।गत सभाबाट निर्णय भई आएका कालोपत्रे तथा ड्रेन निर्माण योजनालाई अगाडी बढाउँदै क्रमशः प्रत्येक वर्ष थप गरिदै लगिनेछ।

६९. कानेपोखरी गाउँपालिकाका विपन्न नागरिकहरुका लागि सुरक्षित नागरिक आवास निर्माण,विपन्न नागरिक स्वास्थ्य बीमा, निर्माणाधीन पन्ध्र शैंयाको आधारभूत कानेपोखरी अस्पताल, कानेपोखरी गाउँपालिकाको प्रमुख प्रशासकीय भवन तथा सडक कालोपत्रे

आयोजनालाई पालिकाको गौरवको आयोजनामा समावेश गरी तोकिएको समयमा सम्पन्न गर्ने व्यवस्था मिलाईनेछ।

७०. गाउँपालिका क्षेत्रभित्रका विभिन्न भौतिक संरचना तथा पूर्वाधारहरुको आवश्यकता अनुसार मर्मत सम्भार गर्न **"मर्मत सम्भार कोष"** मा उपयुक्त रकम विनियोजन गरिनेछ। उक्त कोष परिचालनको लागि उपयुक्त पद्धतिको विकास गरिनेछ।

७१. गाउँपालिका क्षेत्रभित्र निर्माण हुने सडकहरु पूर्वाधारहरुमा सडक सौन्दर्यीकरण कार्यक्रम अनिवार्य लागू गरिनेछ।

७२. गाउँपालिका क्षेत्रभित्रका नदीनालाबाट हुन सक्ने सम्भावित कटान नियन्त्रण गर्न रकम विनियोजन गरि तटबन्धन गरिनेछ। नेपाल सरकार तथा प्रदेश सरकारका सम्बन्धित निकायसँगको साझेदारीमा नयाँ प्रविधि तथा जैविक प्रविधि समेतको प्रयोग गरी तटबन्ध आयोजना संचालन गरिनेछ।

७३. नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह र दातृनिकायसँगको साझेदारीमा विभिन्न कार्यक्रमहरु संचालनको लागी समपुरक कोषमा आवश्यक रकम विनियोजन गरिनेछ। आर्थिक वर्षको अन्त्यमा गाउँपालिकाको स्थानीय संचित कोषमा मौज्दात रहन आउने रकम समेत सोहि कोषमा स्वतःसमायोजन हुने व्वयस्था मिलाईनेछ। गाउँपालिकाको विनियोजन ऐनमा समावेश कुनै आयोजना/कार्यक्रम संचालनका रकम नपुग भएमा उक्त कोषबाट रकम व्यवस्थापन गरिनेछ।

७४. गाउँपालिका क्षेत्रभित्र रहेका विभिन्न मठ/मन्दिर/चर्च/गुम्बा/मस्जिद लगायतका निकायहरुको भौतिक सम्पत्तिको संरक्षण गर्न आवश्यक व्यवस्था मिलाईनेछ भने सार्वजनिक एवम् सरकारी संरचनाहरुको आवश्यकता अनुसार मर्मतसम्भार गर्न मर्मतसम्भार कोषमा उपयुक्त रकम विनियोजन गरिनेछ। सो कोषको निष्पक्ष र पारदर्शी परिचालनका लागि उपयुक्त पद्धति समेत निर्धारण गरिनेछ।

७५. गाउँपालिका क्षेत्रभित्रका शवदाह स्थलको निर्माण गर्ने, पुनर्निर्माण गर्ने तथा त्यस्ता स्थलहरुका खानेपानी, शौचालय निर्माण, मलामी खाजा घर निर्माण गरिनेछ।

७६. गाउँपालिका क्षेत्रभित्रका सडकको विस्तार गर्ने क्रममा उक्त सडकमा अव्यवस्थित रुपमा रहेका विद्युतका पोलहरुलाई सडकको मापदण्ड बमोजिम यथोचित व्यवस्थापनमा गर्न नेपाल विद्युत प्राधिकरणसँग सहकार्य गरिनेछ।

७७. चिसाङ्ग खोलामा पुल नहुँदा १ नं. वडा, होक्लाबारीका नागरिकहरुलाई गाउँपालिकाको केन्द्र तथा अस्पतालमा सेवा लिन आउँदा बेलबारी नगरपालिका हुँदै आउनुपर्ने बाध्यताको अन्त्य गर्न चिसाङ्ग खोलाको होक्लाबारी-१, विसनपुर र कानेपोखरी-२, सिमलझोढी जोड्ने खण्डमा

पक्की पुल निर्माण गर्न व्यवस्था मिलाईदिन नेपाल सरकार तथा प्रदेश सरकारसँग माग गरिनेछ।

७८. सडकको भार वहन क्षमता विश्लेषण गरी हेभी तथा हलुका सवारीको आगमनका लागी गाउँपालिका क्षेत्रभित्र सडकको वर्गीकरण गरी लागु गरिनेछ।

७९. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तह भित्र निर्माण हुने भवनको अनिवार्य नक्सा पास गर्नुपर्ने व्यवस्था गरेको छ। उक्त ऐन लागू हुनुभन्दा अगाडी गाउँपालिका क्षेत्रभित्र निर्माण भएका पक्की संरचनाका भवनहरुलाई अभिलेखीकरण गर्ने प्रयोजनको लागि कानुनले तोके बमोजिम घर अभिलेख प्रयोजनको लागि नक्सा पास नियमित गर्ने व्यवस्था गरिने छ। गाउँपालिका क्षेत्रभित्र नयाँ निर्माण हुने भवनहरुको मापदण्ड बमोजिमको नक्सा पास गर्ने कार्यलाई थप व्यवस्थित र सहज बनाउदै लगिनेछ।

८०. गाउँपालिकामा खेतियोग्य स्थानहरुमा भरपर्दो सिँचाईको व्यवस्थापन गर्न मुहान संरक्षणको लागी उच्च प्राथमिकता दिईनेछ। प्राकृतिक मुहानहरु विभिन्न कारणले सुक्दै गएकाले त्यसको लागी मापदण्ड निर्धारण गरी संरक्षण व्यवस्था गरिनेछ। साथै कालिकोशी मुहान संरक्षणको कार्यलाई प्राथमिकताको साथ व्यवस्थित गरिनेछ। रातेखोला, भलुवा, भुल्के, सुकुना, दहीखोला सिंचाई व्यवस्थापन गरिनेछ।

## सुशासन तथा संस्थागत क्षमता विकास:

८१. गाउँपालिकाको प्रशासनिक तथा सांगठनिक संरचना र संस्थागत प्रणालीलाई चुस्त दुरुस्त, विश्वसनियता, क्षमतायुक्त र प्रभावकारी वनाउदै अत्यावश्यक रिक्त दरवन्दीहरुमा प्रचलित कानुन अनुसार पदपूर्ति गरिने छ।

८२. कानेपोखरी गाउँपालिकामा कार्यरत करार सेवाका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिनेछ भने पूर्वाधार विकास शाखामा कार्यरत कर्मचारीहरुलाई ५०% सम्म फिल्ड भत्ताको व्यवस्था गरिनेछ ।

८३. गाउँपालिकाको कार्यप्रगतिको नियमित सार्वजनिकीकरण गरी पारदर्शिता प्रणालीको विकास गरिनेछ। सूचक तथा परिणामको चेकलिष्ट तयार गरी वार्षिक कार्यक्रम तथा योजना अनुगमन गरिनेछ। योजनाहरुको अनुगमन प्रणालीमा स्थानीय सरोकारवालाहरुको सहभागितालाई समेटिनेछ ।

८४. “आन्तरिक लेखा परीक्षण” लाई प्रभावकारी बनाई आन्तरिक नियन्त्रण प्रणालीमा सुधार ल्याइनेछ ।

८५. प्राकृतिक न्यायको सिद्धान्तमा आधारित रही स्थानीय सरकार सञ्चालन ऐनको दफा ४७ मा तोकिएको क्षेत्राधिकारभित्र रही न्याय सम्पादन गरिने छ। न्यायिक समितिको काम कारवाहीलाई र सर्वसाधारणको पहुँचमा पुर्याईने छ।

८६. वित्तीय जोखिम न्यूनीकरणका लागि आन्तरिक प्रणाली विकास विकास गरिनेछ। आयोजनाको आर्थिक सामाजिक लाभ विश्लेषण गरी आयोजना बैक स्थापना गरिनेछ ।

८७. पालिकापालिकावाट संचालित गतिविधि, विकास कार्यक्रम, सेवा प्रवाहको अधिकतम सार्वजनिक गरी पारदर्शिता र जवाफदेहितामा अभिवृद्धि गरिने छ भने सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणलाई प्रभावकारी रुपमा अगाडि वढाईनेछ।

८८. सुशासन तथा संस्थागत विकासको लागि आवश्यक कानून, नियम, विनियमावली, कार्यविधि निर्माण गरी आदेशको एकात्मकता (Organizational Chain Of Command ) कायम गरिने छ ।

८९. पालिका र वडाका सवै कर्मचारीहरुको कार्य विवरण अनुसार कार्यसम्पादन गरिने छ र मासिक रुपमा कार्य प्रगतिको प्रतिवेदन पेस गर्ने व्यवस्था गरिनेछ।

९०. लक्ष्य तथा नतिजामा आधारित कार्यसम्पादन सम्झौता (Result Based Performance) को शुरुवात गरी उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ।

९१. पालिकाको कार्य सम्पादनलाई छिटो, छरितो, पारदर्शी एवं सेवाग्राहीमैत्री तुल्याउन डिजिटल शासन (Digital Governance) मा जोड दिईनेछ ।पालिकाको संस्थागत क्षमता वृद्धिका लागि भौतिक पूर्वाधार विकास तथा अभिलेख प्रणाली (Institutional Memory ) लाई व्यवस्थित गर्दै लगिनेछ भने नवीन प्रविधिलाई जोड दिदै कागजविहीन शासन (Paperless Governance/ Digital Governance) को अवधारणा अवलम्वन गरिनेछ।

९२. आन्तरिक आयमा सवल वनाउन राजश्वमा सुधार गर्न राजस्व सुधार कार्ययोजनाको प्रतिवेदनका आधारमा सम्भाव्यता अध्ययन गरिनेछ।

**<u>सहकारीः-</u>**

९३. गाउँपालिका क्षेत्रभित्रका सहकारी संस्थाहरु मार्फत उत्पादनमूलक क्षेत्रमा लगानी बढाई स्थानीयवासीको आय आर्जन अभिवृद्धि गर्ने हेतुले त्यस किसिमका कार्यक्रम संचालन गर्न चाहने सहकारी संस्थाहरुबाट साझेदारीमा कार्यक्रम संचालन गर्नको लागी उपयुक्त प्रस्ताव पेश गर्ने सहकारीलाई अनुदान दिने व्यवस्था गरिनेछ।

९४. सहकारी संस्थाहरुको अभिलेखीकरण अद्यावधिक गर्ने कार्यलाई निरन्तरता दिइदै सहकारीको अनुगमन कार्यलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ तथानिष्कृय रुपमा रहेका सहकारी संस्थालाई पुन:सञ्चालन तथा खारेजीको प्रक्रिया अगाडि बढाइनेछ।

## उद्यम,सीप र रोजगारः-

९५. व्यवसायीक सीप सिकी उद्यममा आवद्ध हुन चाहने वेरोजगार आदिवासी जनजाती दलित तथा अल्पसंख्यक, महिला, यूवा, भिन्न क्षमता भएका व्यक्तिहरुलाई सीपमूलक तालिम कार्यक्रम सञ्चालन गर्ने गरी व्यवस्थापन गरिनेछ।

९६. गाउँपालिका क्षेत्रभित्र वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुले पठाउने गरेको विप्रेषण रकमलाई व्यवसायिक उद्यममा लगानी गर्ने वातावरण मिलाइनेछ। वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको पारिवारिक सौहार्दताको लागि मनोपरामर्शदाताको व्यवस्था गरि टोल टोलमा शिविर संचालन गर्ने व्यवस्था मिलाइने छ।

## वन,वातावरण तथा विपद व्यवस्थापन क्षेत्रः-

९७. गाउँपालिका क्षेत्रभित्र प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट हुनसक्ने सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् सांस्कृतिक सम्पदा र भौतिक सरंचनाका संरक्षण गर्नका लागि प्रकोप व्यवस्थापन कोषमा उपयुक्त रकम विनियोजन गरिनेछ।

९८. सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्ने र सो कार्ययोजना बमोजिम वन पैदावर विक्री गरी प्राप्त हुने आम्दानीको **दश प्रतिशत** रकम गाउँपालिकाको स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने भनी सङ्घीय स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख. मा भएको व्यवस्थालाई कडाईका साथ लागू गरिनेछ। यसका साथै उक्त व्यवस्थाको प्रतिकूल हुने गरी आफ्नो कार्य गर्ने सामुदायिक वन उपभोक्ता समूहलाई कालोसूचीमा राखी त्यस्तो सामुदायिक वनलाई प्रचलित कानून बमोजिम कारवाही गर्ने प्रकृयासम्म अघि बढाइनेछ।

९९. चिसाङ्ग, डाँस, लगायत अन्य खोला/खोल्सीबाट हुनसक्ने कटान रोकथाम तथा नियन्त्रणका लागि तटबन्धन शीर्षकमा उपयुक्त रकम विनियोजन गरिनेछ भने गाउँपालिका क्षेत्रभित्रका नदीनालाबाट हुनसक्ने कटान नियन्त्रणको दीर्घकालीन व्यवस्थापनका लागि नेपाल सरकार तथा प्रदेश सरकारसँग आयोजना माग गर्ने व्यवस्था मिलाईनेछ।

१००. स्थानीय प्रहरी सर्जमिन मुचुल्का र वडाको सिफारिसलाई मुख्य आधार मान्दै प्रकोप पिडित व्यक्ति/निकायहरुलाई प्रकोप व्यवस्थापन कोषबाट स्थानीय कानून बमोजिम **तत्काल् राहत** उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ।

१०१. रंगेली नगरपालिकामा संचालन हुने सामुहिक एकीकृत विपद व्यवस्थापन केन्द्र तथा फोहर व्यवस्थापन केन्द्र निर्माण गर्न साझेदारीको लागि आवश्यक रकम विनियोजनको गरिनेछ।

१०२. कानेपोखरी-रंगेली र कानेपोखरी-जहदा भौंसाबारी सडक खण्डमा औषधीजन्य तथा फलफूल तथा वातावरण मैत्री विरुवा रोप्ने कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ।

## भूमि व्यवस्थापन सम्बन्धीः-

१०३. गाउँपालिका क्षेत्रभित्रका भूमिहीन दलित/सुकुम्वासीलाई निःशुल्क जग्गा उपलब्ध गराउन र अव्यवस्थित वसोवासीको व्यवस्थापनका लागि जग्गा नाँपजाँच कार्यलाई थप तिव्रता दिईनेछ। जग्गा नाँपजाँच कार्यलाई तिव्रता दिन राष्ट्रिय भूमि आयोगसँग समन्वय गरिनेछ। जग्गा नाँपजाँच कार्यमा खटिने प्राविधिक जनशक्तिलाई आधुनिक/औजार उपकरण सहित कार्यालय समय बाहेक र सार्वजनिक विदाको समयमा समेत परिचालित गरिने र यसरी परिचालित हुने जनशक्तिलाई थप प्रोत्साहन भत्ताको व्यवस्था मिलाइनेछ।

१०४. गाउँपालिका क्षेत्रभित्र जग्गाको श्रेस्ता र भोगचलन फरक पारी वर्षौंदेखि समस्या भोग्दै आएका क्षेत्रमा नापी विभागसँगको समन्वय तथा सहकार्यमा पुनःजग्गा नाँपजाँच कार्यको सुरुवात गरिनेछ। जग्गा नाँपजाँचको समस्या भएका क्षेत्रमा विस्तार गर्दै लग्ने नीति लिईनेछ।

अन्त्यमा,

जनाधारको अभिमत र सामाजिक तथा आर्थिक परिवर्तनलाई रुपान्तरणको खाका तिर लैजाने कार्य सोचसहित आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु। प्रस्तुत नीति तथा कार्यक्रम कानेपोखरीको भविष्यको मार्गदर्शक दस्तावेज हो। पालिकालाई समृद्ध बनाउन सबै पालिकाबासीको आ-आफ्नो ठाउँमा उत्तिकै महत्वपूर्ण भूमिका छ। यो नीति तथा कार्यक्रम सरकारी, गैरसरकारी, निजी, सहकारीलगायत विकासका सबै साझेदार वा पक्षधरको लागि मार्ग चित्र हो। पालिकाको विकास सबैको विकास हो। यसैले विकास निर्माणका काममा आ-आफ्नो क्षेत्रबाट सहयोग पुर्याउन र रचनात्मक सुझाव, सल्लाह दिन हामी पालिकाबासीलाई हार्दिक आग्रह गर्दछौं। हामीले पालिकाबासीबाट प्राप्त रचनात्मक सुझाव, सल्लाहलाई सधैं आत्मसात गर्नेछौं। विकास निर्माणका काममा हामीहरु सबैको एउटै दृष्टिकोण हुनुपर्छ भन्नेमा हामीहरु दृढ छौं। केन्द्रीय, प्रादेशिक, क्षेत्रगत र स्थानीय योजनाबीच तादाम्यता कायम गरी पालिकाको सर्वाङ्गीर्ण विकास र समृद्धिको स्पष्ट दृष्टिकोण सहितको दीर्घकालिन योजना निर्माणको पथमा हामी छौ ।

प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट उच्चदरको आर्थिक वृद्धि, सामाजिक आर्थिक क्षेत्र गतिशील भै आर्थिक वृद्धि र पारस्पारिक सम्मान र अवसर सहित सामाजिक न्याय कायम हुनेछ । यो नीति तथा कार्यक्रम कार्यान्वयनमा सबैबाट सक्रिय सहयोग हुने विश्वास लिएको छु।

अन्तमा, कानेपोखरीको समग्र विकासमा योगदान गर्ने राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, नीजि, सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, सञ्चार जगत लगायत सम्पूर्ण दिदिबहिनी दाजुभाई तथा विकास साझेदार संस्थाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

राजमति इङ्गनाम
अध्यक्ष
कानेपोखरी गाउँपालिका

****धन्यवाद***

आ.व.२०८२।०८३ को कानेपोखरी गाउँपालिकाको आय र व्यय सम्बन्धी विवरण (रु.हजारमा)

| सि.नं. | स्रोत शीर्षक | अनुमानित रकम (रु. हजारमा) | कैफियत |
|---|---|---|---|
| **क.** | **संघिय सरकारबाट प्राप्त** | **४७२८००** | |
| १ | वित्तीय समानीकरण अनुदान | १२३६००.० | |
| २ | सशर्त अनुदान | २३०२००.० | |
| ३ | राजस्व बाँडफाँड | १०३७००.० | |
| ४ | समपूरक अनुदान (पुँजीगत) | ८४००.० | |
| ५ | विशेष अनुदान (पुँजीगत) | ६९००.० | |
| **ख.** | **कोशी प्रदेशबाट प्राप्त** | **३५१९६** | |
| ५ | वित्तीय समानीकरण अनुदान | ११७८८.० | |
| ६ | सशर्त अनुदान | ५६८५.० | |
| ७ | राजस्व बाँडफाँड | ८०२३.० | |
| ८ | समपूरक अनुदान | ९७००.० | |
| **ग.** | **आन्तरिक श्रोत** | **१६८७५७** | |
| १० | वडागत राजस्व | ४००००.० | |
| ११ | घरजग्गा रजिष्ट्रेशन बाँडफाँड (मालपोत) | १५०००.० | |
| १२ | दहत्तर बहत्तर बाँडफाँड | १००००.० | |
| १४ | आन्तरिक आय (बैंक मौज्दात सहित) र अल्या खर्च(चालु आ.व.मा भुक्तानी सहित) | १०३७५७.० | |
| **जम्मा (क+ख+ग)** | | **६७६७५३** | |
| **आ.व.२०८२।०८३ को कानेपोखरी गाउँपालिकाको व्यय खर्च अनुमान** | | | |
| क्र.सं. | **विषयक्षेत्र शीर्षक** | **बजेट रकम(रु.)** | **कैफियत** |
| १ | आर्थिक विकास | ८८६० | |
| २ | सामाजिक विकास | ४४५२४ | |
| ३ | पूर्वाधार विकास | १४२६०० | |
| ४ | वन, विपदा तथा वातावरण | ९५०० | |
| ५ | संस्थागत विकास तथा सुशासन | १४१०४ | |

| | | | |
|---|---|---|---|
| ६ | प्रशासनिक चालु | ७७१८० | |
| ७ | क्रमागत बहुवर्षिय भुक्तानी बाँकी | ९८१०० | |
| ८ | वडा ७ वटै वडा | २१००० | |
| | जम्मा (क) | ४१५८६८ | |
| १ | संघीय संशर्त | २३०२०० | |
| २ | संघीय समपूरक अनुदान | ८४०० | |
| ३ | विशेष अनुदान | ६९०० | |
| ४ | प्रदेश सशर्त | ५६८५ | |
| ५ | प्रदेश समपूक | ९७०० | |
| | जम्मा (ख) | २६०८८५ | |
| | जम्मा व्यय (क+ख) | ६७६७५३ | |
| १ | चालु | ४६९४६८ | ६९.३७% |
| २ | पूँजीगत | २०७२८५ | ३०.६३% |